केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/२/०७३/७४ मिति: २०७३/०५/२७

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि मौद्रिक नीतिमा उल्लिखित अनिवार्य मौज्दात सम्बन्धी नीतिगत व्यवस्थाहरु कार्यान्वयन गर्न गराउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७२ को बुँदा नं. १३.१ को उपबुँदा नं. (४), (५) र (६) लाई आगामी हप्ताको साप्ताहिक औषत निक्षेप मौज्दातको आधारमा लागु हुने गरी देहाय बमोजिम संशोधन गरिएको छ :

(४) उपबुँदा (३) को खण्ड (क), (ख) र (ग) बमोजिम पटक कायम गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग पटक कायम गरिने छ । जरिवानाको पटक निर्धारण गर्दा १४ दिन (दुई सप्ताह) को मौज्दात गणनालाई एक पटक मानिनेछ ।

(५) अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले सर्वसाधारणबाट वचत परिचालन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुलाई मासिक र अन्य लघुवित्त वित्तीय संस्थालाई दुई हप्ताको हिसावमा हर्जाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी मासिक हर्जना लगाउँदा १२ ले र दुई हप्ताको हर्जाना लगाउँदा छब्बीस ले भाग गरिने छ ।

(६) दुई हप्ताको अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि देहायको प्रक्रिया अपनाइनेछ :-

(क) अनिवार्य मौज्दातको गणना साप्ताहिक (प्रत्येक आइतवारदेखि शनिवार) औसत निक्षेप मौज्दातका आधारमा गरिने छ ।

(ख) मौज्दातको गणना गर्दा खण्ड (क) मा उल्लिखित समयावधि पछि एकहप्ता अन्तराल कायम गरी तत्पश्चातको दुई हप्ता (आइतवार देखि १४ औं दिनको शनिवार) मा कायम गरिने औसत नगद मौज्दातलाई लिइनेछ ।

(ग) अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनको लागि कुल निक्षेप दायित्वका हकमा साप्ताहिक रुपमा आइतवार देखि शनिवारसम्मको कुल निक्षेपको योगलाई सात अङ्कले भाग गरी दैनिक औसत निर्धारण गर्नुपर्नेछ । यसैगरी, नेपाल राष्ट्र बैंक मौज्दातको गणना गर्दा आइतवारदेखि १४ औं दिनको शनिवारसम्मको दैनिक मौज्दातको कुल योगलाई चौध अङ्कले भाग गरी दैनिक औसत निर्धारण गरिने छ ।

(घ) यस निर्देशन बमोजिम कायम गर्नुपर्ने अनिवार्य मौज्दातको कम्तिमा ७० प्रतिशत मौज्दात दैनिक रुपमा कायम गर्नुपर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(ङ) यस प्रयोजनको लागि निर्धारित निर्देशन फा.नं. १३.१ बमोजिमको विवरण भरी हप्ता वितेको सात दिनभित्र अनिवार्य रुपमा यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।

# अनिवार्य मौज्दात सम्बन्धी विवरण

मिति २० ..... साल ........ महिना ...... गते देखि २० ...... साल ......... महिना........ गते सम्म

रु. हजारमा

| अनिवार्य मौज्दात प्रयोजनको लागि कुल निक्षेप मौज्दात (क) | | नगद मौज्दात | | | | | | | | | अनिवार्य नगद अनुपात % (छ) = [ख/अ %] | दैनिक रुपमा कायम गरिएको मौज्दात प्रतिशत | कुल सापटी (ज) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुद मार्गस्थ नगद (ङ) | | | | | | | | |
| अनिवार्य मौज्दात गणना गर्ने अवधिको ठीक दुई हप्ता अगाडिको हप्ता | रकम | अनिवार्य मौज्दात कायम गर्ने दुई हप्ता | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात (ग) | "क"वर्गको इजाजतपत्रप्राप्त बैंकमा चल्ती खातामा रहेको मौज्दात (घ) | नोट कोषमा जम्मा गरिएको रकम (१) | नोट कोषबाट झिकिएको रकम (२) | अन्य (३) | कुल (१-२+३) | सरकारी ऋणपत्र/बचत पत्रको साँवा भुक्तानी रकम (च) | कुल रकम (ख) = [ग+घ+ङ+च] | | | |
| आइतबार | | आइतबार | | | | | | | | | - | | |
| सोमबार | | सोमबार | | | | | | | | | - | | |
| मंगलबार | | मंगलबार | | | | | | | | | - | | |
| बुधबार | | बुधबार | | | | | | | | | - | | |
| विहीबार | | विहीबार | | | | | | | | | - | | |
| शुक्रबार | | शुक्रबार | | | | | | | | | - | | |
| शनिवार | | शनिवार | | | | | | | | | - | | |
| | | आइतबार | | | | | | | | | - | | |
| | | सोमबार | | | | | | | | | - | | |
| | | मंगलबार | | | | | | | | | - | | |
| | | बुधबार | | | | | | | | | - | | |
| | | विहीबार | | | | | | | | | - | | |
| | | शुक्रबार | | | | | | | | | - | | |
| | | शनिवार | | | | | | | | | - | | |
| कुल | | | | | | | | | | | | | |
| औसत (अ) | | | | | | | | | | | | | |

**विवरण पेश गर्ने अधिकृत:**

हस्ताक्षर :

नाम र थर :

दर्जा :

नोटः अनिवार्य मौज्दात गणना गर्ने अवधिको ठीक दुई हप्ता अगाडिको हप्ता भन्नाले मौज्दात कायम गर्नुपर्ने दुइ हप्ता अवधिको पहिलो दिन(आइतवार) को ठीक दुई हप्ता अगाडी(आइतवार) को दिन देखि शुरु हुने हप्ता सम्झनु पर्दछ। उदाहरणको लागि २०७३/६/२ गते देखि ८ गते सम्मको औसत निक्षेपका आधारमा २०७३/६/१६ गते देखि २९ गते सम्म औसत मौज्दात कायम गर्नुपर्नेछ।